# वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय
# प्रदेश नं. १, विराटनगर

**सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियामवली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण**



वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय

प्रदेश नं. १, विराटनगर

मन्त्रालयले जानकारी गराउनु पर्ने विषयहरूको सूची

**विषयसूची**


**भाग**

**१. मन्त्रालयको स्वरूप र प्रकृति**

१.१ मन्त्रालयको परिचय

१.२ मन्त्रालयको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र रणनीति

१.३ मन्त्रालयको कार्यक्षेत्र

१.४ मन्त्रालय अन्तर्गतका कार्यालयहरु

१.५ मन्त्रालयको काम कर्तव्य र अधिकार

**२. संगठन संरचना र दरवन्दी संरचना**

२.१ संगठन संरचना

२.२ मन्त्रालय अन्तर्गतका शाखा/महाशाखा

२.३ मन्त्रालयको स्वीकृत कर्मचारी दरवन्दी विवरण

२.४ हाल मन्त्रालयमा कार्यरत कर्मचारीको विवरण

**३. माननीय मन्त्री, माननीय राज्यमन्त्री, कार्यालय प्रमुख, प्रवक्ता, सूचना अधिकारी र गुनासो सुन्ने अधिकारीको को नाम, पद र सम्पर्क नं**

**४. यस मन्त्रालयसँग सम्बन्धित प्रचलित कानूनी व्यवस्थाहरु**

**५. सार्वजनिक निकायको वेभसाइट र इमेल**

**६. सम्पर्क विवरण**

## १. मन्त्रालयको स्वरुप र प्रकृति

### १.१ मन्त्रालयको परिचय

वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय, प्रदेश नं. १, विराटनगरको स्थापना मिति २०७८/१०/१६ गते भएको हो । यस मन्त्रालयको साविक उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय (स्थापित मिति २०७४/१०/२९) विस्तार भइ बनेको हो । वि.सं. २०७२ साल असोज ३ गते जारी भएको **नेपालको संविधान**मा व्यवस्था भएबमोजिम देशलाई संघीय ढाँचामा लगेर पुनःसंरचना गर्ने उद्देश्यका साथ ७ वटा प्रदेशहरु स्थापना गरिएको छ । यसमध्ये पूर्वी नेपालको १४ जिल्ला समेटिएको यस प्रदेशमा २०७८ माघ १६ गते प्रदेश राजपत्रमा प्रकाशित *प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७८* अनुसार १३ वटा मन्त्रालयहरु स्थापना भएका छन् । यस मन्त्रालयको कार्यक्षेत्रको रुपमा वन, वन्यजन्तु, वन पैदावर, भू-संरक्षण, जलवायु परिवर्तन, पर्यावरण र जैविक विविधताका विषयक्षेत्रका २७ वटा कार्यविवरणहरु रहेका छन् । यस मन्त्रालयको मातहतमा प्रदेश वन निर्देशनालय, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र र डिभिजन वन कार्यालयहरु रहेका छन् । यसले नेपालको सबैभन्दा होचो भाग झापा जिल्लाको केचनाकवल देखि विश्वको सर्वोच्च शिखर सगरमाथासम्मका वन जंगल, वन्यजन्तु, वनस्पति, जडीबुटी, भू-संरक्षण, प्राकृतिक पारिस्थितिक प्रणाली, जैविक विविधताजस्ता विषयवस्तुको योजना वनाउने, लागू गर्ने र अनुगमन तथा मूल्याङ्कन गर्ने कार्य गर्छ ।

यस प्रदेशमा हालसम्म ११,३३६ वर्ग कि.मि. अर्थात कूल क्षेत्रफलको ४३.२४% वन क्षेत्र रहेको छ भने ४,०९४ वटा सामुदायिक वन (४,३८,६५२ हे.), १२०२ कबुलियती वन (४,९२३ हे.), ३९ वटा धार्मिक वन (३७८.४० हे.) र ४ वटा साझेदारी वन (७,२११ हे.) छन् । यसै गरी सगरमाथा राष्ट्रिय निकुञ्ज र मकालु-बरुण राष्ट्रिय निकुञ्ज, कोशीटप्पु वन्यजन्तु आरक्ष र कन्चनजङ्घा संरक्षण क्षेत्र छन् । संरक्षित क्षेत्र ४,८५८ वर्ग कि.मि. र ३ वटा मध्यवर्ती क्षेत्र १, २७८ वर्ग कि.मि.मा फैलिएको छ । यस प्रदेशमा रोजगारीको सृजना, आय वृद्धि, स्थानीय समुदायको आधारभूत आवश्यकता जस्तै: काठ, दाउरा, घाँसपातका साथै कृषि, पशुपालन, पर्यटन र सिँचाइमा समेत वन तथा जैविक विविधताको उल्लेखनीय भूमिका रहेको छ । संविधानमा स्वच्छ वातावरणलाई मौलिक हकको रूपमा सुरक्षित गरिएको छ भने राज्यका नीतिहरूमा प्राकृतिक साधन स्रोतको संरक्षण र उपयोग सम्बन्धमा उल्लेख भएको छ । नेपालको संविधानमा प्रदेशभित्रको राष्ट्रिय वन, जल उपयोग तथा वातावरण व्यवस्थापन प्रदेश अधिकारको सूचीमा रहेको छ । वनजन्य काठ लगाएतका वन पैदावरहरुको दीगो आपूर्ति र व्यवस्थापनका लागि विरुवा उत्पादन, वृक्षारोपण, पुनःरोपण, गोडमेल, बारबेरा, थिनिङ प्रुनिङ लगाएतको कृयाकलापहरु संचालन गर्दै आएको छ । यसका साथै जडीबुटीको खेती विस्तार गर्ने, संरक्षण गर्ने, संकलन तथा निकाशी नियन्त्रण गर्ने तथा वन्यजन्तुको चोरीतस्करी नियन्त्रण गर्ने कार्य मातहतका निकायहरुबाट गराउँदै आएको छ ।

नेपालको संविधानले पर्यावरणीय दिगो विकासको सिद्धान्त अवलम्बन गर्ने नीति अङ्गीकार गरेको छ । दिगो विकास लक्ष्यले जलवायु परिवर्तन र यसका असरसँग जुध्न तत्काल कार्य गर्न आवश्यक रहेको कुरा निर्दिष्ट गरेको छ । विश्वव्यापी जलवायु परिवर्तनको असरले गर्दा अतिवृष्टि, अनावृष्टि, बाढी पहिरो लगायतका प्रकोपको बढ्दो असर भोग्नु परेको छ । जल तथा मौसम विज्ञान विभागको अध्ययनले गर्मी हुने दिनको सङ्ख्यामा वृद्धि, जाडो हुने दिनको सङ्ख्यामा कमी र तापको मात्रामा केही परिवर्तन आएको देखाएको छ । वातावरणीय सन्तुलन कायम राख्न तथा जलवायु परिवर्तनका असर न्यूनीकरण गर्दै अनुकूलन अभिवृद्धि गर्न हरित विकासको अवधारणालाई अवलम्बन गर्नु आवश्यक छ । यसका

लागि मन्त्रालयले वातावरणको स्वच्छता कायम गर्न तथा पूर्वाधार निर्माणमा वातावरणीय सन्तुलन कायम गर्नका लागि प्रस्तावित विकास आयोजनाहरुको वातावरणीय अध्ययन प्रतिवेदनहरु पुनरावलोकन गरी स्वीकृति प्रदान गर्ने र सोको अनुगमन तथा मूल्याङ्कन गर्ने कार्य गर्दै आएको छ । यसका साथै वातावरणीय सरसफाईका लागि जनचेतना अभिवृद्दी गर्ने विविध कार्यक्रमहरु संचालन गर्दै आएको छ ।

यस मन्त्रालयले भू तथा जलाधार व्यवस्थापनको क्षेत्रमा बाढी पहिरो नियन्त्रण, गल्छी कटान रोकथाम, पानी मुहान संरक्षण, सडक किनारा संरक्षण लगाएतका विभिन्न कृयाकलापहरु आफ्नो मातहतका निकायहरुबाट सम्पादन गर्दै आएको छ ।

## १.२ दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र रणनीति

### दीर्घकालीन सोच

१. प्राकृतिक स्रोतहरुको संरक्षण एवं दीगो व्यवस्थापन र प्रवर्द्धनबाट स्थानीय र प्रादेशिक समृद्धि हासिल गर्दै "समृद्ध नेपाल, सुखी नेपाली" को राष्ट्रिय लक्ष्य पुरा गर्न योगदान पुर्याउने।

### लक्ष्य (विषयगत)

१. वन, वनस्पति, जडीबुटी, वन्यजन्तु, जैविक विविधता र जलाधारको समुचित संरक्षण, संवद्र्धन, व्यवस्थापन र सदुपयोगद्वारा रोजगारी सिर्जना तथा जीविकोपार्जनमा सुधार गरी पारिस्थितिकीय प्रणालीबीच सन्तुलन कायम गर्ने।
२. वातावरणमैत्री र जलवायु परिवर्तनसँग अनुकूलित हुने गरी विकास कार्यक्रमहरू सञ्चालन गर्ने।
३. प्रदेश गार्हस्थ्य उत्पादनमा वन क्षेत्रको योगदान वृद्धि गर्ने।
४. जलवायु परिवर्तनको असर न्यूनीकरण गर्दै अनुकूलन बढाउने गरी विकास कार्यक्रम सञ्चालन गर्ने ।

### उद्देश्य

#### वन तथा भू संरक्षण

१. दिगो वन व्यवस्थापनद्वारा वन क्षेत्रको उत्पादकत्व र वन पैदावारको उत्पादन वृद्धि गर्नु।
२. वनक्षेत्रको विकास एवम् दिगो व्यवस्थापन गर्दै वातावरण, जैविक विविधता र जलाधारको संरक्षण गर्नु ।
३. वातावरणीय सेवाबाट प्राप्त हुने लाभ वृद्धि गरी समुदायलाई न्यायोचित वितरण सुनिश्चित गर्नु ।
४. उच्च मूल्य जडीबुटी र गैरकाष्ठ वन पैदावारको उत्पादन र मूल्य अभि वृद्धि गरी निर्या त प्रवर्द्धन गर्नु ।

#### वातावरण तथा जलवायू

१. हरित विकासको अवधारणा अनुरूप मानवीय क्रियाकलाप र विकास प्रक्रियालाई जलवायु परिवर्तन अनुकूलित गराउनु।
२. बढ्दो सहरीकरणबाट उत्सर्जित प्रदुषण न्यूनीकरण गराउनु।
३. दिगो विकासको लक्ष्य हासिल गर्न वातावरण संरक्षण गराउनु।
४. विकास तथा अन्य मानवीय क्रियाकलापबाट वातावरणमा पर्ने प्रभाव न्यूनीकरण गर्दै वातावरणीय स्वच्छता कायम गर्नु ।
५. विकास प्रक्रिया तथा मानवीय क्रियाकलापलाई जलवायु परिवर्तन अनुकूलित बनाउनु ।

### रणनीतिः

#### वन तथा भू संरक्षण

१. वन क्षेत्र तथा जैविक विविधताको वैज्ञानिक व्यवस्थापन र उपयोगमा स्थानीय जनताको पहुँच बढाउने ।
२. अन्तर सरकार, सरोकारवाला निकाय र निजीक्षेत्रसँगको समन्वयात्मक रूपमा कार्यक्रम सञ्चालन गर्ने ।

३. वनक्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गरी आय आर्जन र रोजगारीसँग आवद्ध गर्ने ।
४. जैविक विविधताको संरक्षण र पर्या -पर्यटनको विकास गर्ने।
५. वनक्षेत्र भित्र धरातलीय सम्भाव्यताका आधारमा उच्च मूल्यका जडीबुटीको विकास र विस्तार गरी निर्यात प्रवर्द्धन गर्ने ।

**वातावरण तथा जलवायू**

१. वातावरणीय संरक्षण तथा प्रदूषण नियन्त्रणलाई विकास कार्यक्रमको अभिन्न अङ्गको रूपमा स्थापित गर्ने ।
२. फोहरमैला व्यवस्थापनमा स्थानीय तहलाई सहयोग र सहजीकरण गर्ने ।
३. खुला स्थान र उद्यानको स्थापना र विस्तार गर्ने ।
४. सङ्घसँगको सहकार्यमा जलवायु परिवर्तनको क्षेत्रमा अन्तर्राष्ट्रिय क्षेत्रमा हुने लगानी बढाउने तथा यसलाई प्रादेशिक बजेट प्रणालीमा आवद्ध गर्ने ।
५. जलवायु परिवर्तन अनुकुलन र वातावरण संरक्षण गर्ने।

**१.३ मन्त्रालयको कार्यक्षेत्र:**
यस मन्त्रालयको निम्न कार्यक्षेत्रहरु रहेका छन ।

1. वन तथा जैविक विविधता
2. वातावरण तथा जलवायू परिवर्तन

**१.४ मन्त्रालय अन्तर्गतका कार्यलयहरु**
वन निर्देशनालय, प्रदेश नं. १
डिभिजन वन कार्यालय

१. डिभिजन वन कार्यालय, ताप्लेजुङ्ग
२. डिभिजन वन कार्यालय, पाँचथर
३. डिभिजन वन कार्यालय, इलाम
४. डिभिजन वन कार्यालय, झापा
५. डिभिजन वन कार्यालय, संखुवासभा
६. डिभिजन वन कार्यालय, भोजपुर
७. डिभिजन वन कार्यालय, तेह्रथुम
८. डिभिजन वन कार्यालय, धनकुटा
९. डिभिजन वन कार्यालय, मोरङ्ग
१०. डिभिजन वन कार्यालय, सुनसरी
११. डिभिजन वन कार्यालय, सोलुखुम्बु
१२. डिभिजन वन कार्यालय, ओखलढुंगा
१३. डिभिजन वन कार्यालय, खोटाङ्ग
१४. डिभिजन वन कार्यालय, उदयपुर (उदयपुर)
१५. डिभिजन वन कार्यालय, उदयपुर (त्रिवेणी)

भू तथा जलाधार व्यवस्थापन कार्यालय

१६. भू तथा जलाधार व्यवस्थापन कार्यालय, धनकुटा
१७. भू तथा जलाधार व्यवस्थापन कार्यालय, ओखलढुंगा

वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, प्रदेश नं. १
जलाधार व्यवस्थापन कार्यक्रम कार्यान्वयन इकाई, विराटनगर

### १.५ मन्त्रालयको काम, कर्तव्य र अधिकार

नेपालको संविधान २०७२ को धारा १७४ को उपधारा (१) वमोजिम यस प्रदेशको प्रदेश मन्त्रिपरिषद्ले स्वीकृत गरेको *प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७८* को नियम ४ अनुसूची —२ को बुदा नं. ८ मा यस मन्त्रालयबाट सम्पादन हुने २७ वटा कार्यहरु तोकिएको छ । यस वन, वातावरण तथा भू-संरक्षण मन्त्रालयका कार्यजिम्मेवारी निम्नानुसार रहेका छन् ।

१. प्रदेशस्तरमा वन क्षेत्रको नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन
२. वन्यजन्तु र वन पैदावार ओसारपसार सम्वन्धी नियमन र अपराध नियन्त्रण
३. वन, वनस्पति, वन्यजन्तु र जैविक विविधता सम्बन्धी प्रादेशिक सङग्रहालय व्यवस्थापन
४. प्रदेशस्तरमा संरक्षण क्षेत्र र चरन क्षेत्रको व्यवस्थापन
५. चिडियाखानाको व्यवस्थापन
६. जडिबुटी खेती प्रविधि प्रर्वद्धन, विस्तार तथा बजारीकरण सम्बन्धी नीति तथा कानून तर्जुमा, तथा कार्यान्वयन र नियमन, अध्ययन अनुसन्धान तथा तथ्यांक संकलन
७. वन तथा वातावरण सम्बन्धी बिषयमा प्राविधिक सूचना तथा सेवा प्रवाह
८. वन अतिक्रमण तथा वन डढेलो नियन्त्रण तथा रोकथाम सम्वन्धी नीति, समन्वय र सहयोग
९. प्रदेशस्तरका वनस्पति उद्यान तथा हर्वेरीयमहरुको व्यवस्थापन र वनस्पति पहिचान तथा अभिलेखीकरण सम्वन्धी नीति र व्यवस्थापन
१०. प्रदेशस्तरमा जैविक विविधताको अध्ययन, अनुसन्धान, व्यवस्थपन, नियमन, संरक्षण एवम् लाभांश बाँडफाँड
११. प्रदेशस्तरमा जलाधार संरक्षण तथा जलउपयोग नीति, प्रविधि विकास, व्यवस्थापन
१२. प्रदेशभित्र भू तथा जलाधार संरक्षण
१३. वातावरण संरक्षण तथा स्वच्छता सम्बन्धी प्रविधि विकास र व्यवस्थापन
१४. वातावरण तथा जलवायु परिवर्तन सम्वन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन र नियमन
१५. वातावरणीय सूचना प्रणालीको स्थापना
१६. वातावरणीय जोखिमका लागि तयारी तथा उद्धार
१७. वातावरणीय प्रयोगशालाको स्थापना, सञ्चालन र व्यवस्थापन
१८. प्रदेशस्तरमा ठोस, वायु, तरल, जल, ध्वनी तथा बिद्युतीय लगायत प्रदूषणको मापदण्ड निर्धारण, कार्यान्वयन, अनुगमन र नियन्त्रण
१९. न्यून कार्वनमुखी तथा वातावरणमैत्री विकास प्रक्रिया र हरित क्षेत्र प्रवर्द्धन
२०. वन संरक्षण क्षेत्र तथा प्राकृतिक सम्पदाको पहिचान, संरक्षण, सम्वर्द्धन र व्यवस्थापकीय पद्धति निर्धारण
२१. वातावरणीय क्षेत्रको अध्ययन, अनुसन्धान, क्षमता अभिबृद्धि, वातावरणीय सुशासन तथा परीक्षण
२२. भूपरिधि क्षेत्र तथा वन क्षेत्रको पहिचान, बर्गीकरण, संरक्षण र व्यवस्थापन
२३. नदी उकास, नहर तथा सडक किनारामा वृक्षारोपण, व्यवस्थापन
२४. वृक्षारोपणको लागि दिगो तथा गुणस्तरीय बीउ उत्पादन, बीउ बगैंचा स्थापना र व्यवस्थापन
२५. प्रदेशभित्र वृक्षारोपण तथा सम्भार सम्वन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन
२६. प्रदेशभित्र जडिबुटि तथा अन्य गैरकाष्ठ वन पैदावार सम्बन्धी व्यवस्थापन
२७. वन्यजन्तु र चराचुरुङ्गी सम्वन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन

## २. संगठन संरचना र दरवन्दी संरचना

### २.१ संगठन संरचना



## २.२ मन्त्रालय अन्तर्गतका शाखा/महाशाखा

| विवरण | पदनाम | श्रेणी/तह | सेवा (समूह) | सङ्ख्या |
|---|---|---|---|---|
| **मन्त्रीको सचिवालय** | शाखा अधिकृत | ७ -८ | प्रशासन (सा प्र) | १ |
| **सचिव** | प्रदेश सचिव | रा. प. प्रथम. प्रा. | वन/समूहकृत नहुने | १ |
| | सहायक अधिकृत | ५ -६ | प्रशासन (सा प्र) | १ |
| **प्रशासन, योजना तथा अनुगमन महाशाखा** | उपसचिव | ९-१० | प्रशासन (सा प्र) | १ |
| प्रशासन, योजना तथा अनुगमन शाखा | स. वन अधिकृत | ७-८ | वन (जनरल फरेस्ट्री) | १ |
| | शाखा अधिकृत | ७-८ | प्रशासन (सा प्र) | १ |
| | रेञ्जर/अधिकृत | ५ -६ | वन (जनरल फरेस्ट्री) | १ |
| | सहायक/अधिकृत | ५ -६ | प्रशासन (सा प्र) | १ |
| | ह स चा | तहविहीन | इन्जि. (मेका.) | २ |
| | कार्यालय सहयोगी | तहविहीन | प्रशासन (सा प्र) | ३ |
| आर्थिक प्रशासन शाखा | लेखा अधिकृत | ७-८ | प्रशासन (लेखा) | १ |
| | सहलेखापाल | ४/५ | प्रशासन (लेखा) | १ |
| कानून तथा फैसला कार्यान्वयन शाखा | कानून अधिकृत | ७-८ | न्याय (कानून) | १ |
| **वातावरणा तथा जलवायु महाशाखा** | वरिष्ठ वन अधिकृत | ९-१० | वन (जनरल फरेस्ट्री) | १ |
| जलवायु परिवर्तन शाखा | स. वन अधिकृत | ७-८ | वन (जनरल फरेस्ट्री) | १ |
| | रेञ्जर/अधिकृत | ५ -६ | वन (जनरल फरेस्ट्री) | १ |
| वातावरण शाखा | वातावरण निरीक्षक | ७-८ | विविध (वातावरण) | १ |
| | रेञ्जर/अधिकृत | ५ -६ | वन (जनरल फरेस्ट्री) | १ |
| सूचना प्रविधि शाखा | कम्प्युटर इन्जिनियर | ७-८ | विविध (विविध) | १ |
| | कम्प्युटर अपरेटर/ क.अधिकृत | ५ -६ | विविध | १ |
| **वन ब्यवस्थापन तथा जैविक विविधता महाशाखा** | वरिष्ठ वन अधिकृत | ९-१० | वन (जनरल फरेस्ट्री) | १ |
| वन व्यवस्थापन तथा उद्यम शाखा | स. वन अधिकृत | ७-८ | वन (जनरल फरेस्ट्री) | १ |
| | रेञ्जर/अधिकृत | ५ -६ | वन (जनरल फरेस्ट्री) | १ |
| भू तथा जलाधार संरक्षण शाखा | स. भू-संरक्षण अधिकृत | ७-८ | वन (स्वाएल एण्ड वा)) | १ |
| | भू संरक्षण सहायक | ५ -६ | वन (स्वाएल एण्ड वा)) | १ |
| जैविक विविधता शाखा | स. वनस्पति अधिकृत | ७-८ | वन (बोटानी) | १ |

## २.३ मन्त्रालयको स्वीकृत कर्मचारी दरवन्दी विवरण

| क्र.सं. | पद | सेवा | समूह/उपसमूह | श्रेणी/तह | दरबन्दी |
|---|---|---|---|---|---|
| १ | प्रदेश सचिव | वन | समूहीकृत नहुने | रापप्र सङ्घीय | १ |
| २ | वरिष्ठ अधिकृत | प्रशासन | सामान्य प्रशासन | ९-१० | १ |
| ३ | वरिष्ठ वन अधिकृत | वन | जनरल फरेस्ट्री | ९-१० | २ |
| ४ | शाखा अधिकृत | प्रशासन | सामान्य प्रशासन | ७-८ | २ |
| ५ | लेखा अधिकृत | प्रशासन | लेखा | ७-८ | १ |
| ६ | कानून अधिकृत | न्याय | कानून | ७-८ | १ |
| ७ | स. वन अधिकृत | वन | जनरल फरेस्ट्री | ७-८ | ३ |
| ८ | स. भू संरक्षण अधिकृत | वन | स्वा एण्ड वा क | ७-८ | १ |
| ९ | स. वनस्पति अधिकृत | वन | बोटानी | ७-८ | १ |
| १० | वातावरण निरीक्षक | विविध | वातावरण | ७-८ | १ |
| ११ | कम्प्युटर इन्जिनियर | विविध | विविध | ७-८ | १ |
| १२ | सहायक/अधिकृत (प्रशासन) | प्रशासन | सामान्य प्रशासन | ५-६ | २ |
| १३ | रेन्जर/अधिकृत | वन | जनरल फरेस्ट्री | ५-६ | ४ |
| १४ | भू संरक्षण सहायक | वन | स्वा एण्ड वा क | ५-६ | १ |
| १५ | वनस्पति सहायक | वन | बोटानी | ५-६ | ० |
| १६ | कम्प्युटर अपरेटर | विविध | विविध | ५-६ | १ |
| १७ | सहलेखापाल | प्रशासन | लेखा | ४/५ | १ |
| १८ | खरिदार | प्रशासन | सामान्य प्रशासन | ४ | ० |
| १९ | हलुका सवारी चालक | इन्जि | मेका | तह विहीन | २ |
| २० | कार्यालय सहयोगी | प्रशासन | सामान्य प्रशासन | तह विहीन | ३ |
| | | | | **जम्मा** | **२९** |

## २.४ हाल मन्त्रालयमा कार्यरत कर्मचारीको विवरण

| क्र.स. | कर्मचारीको नाम | पद | मन्त्रालय / शाखा | सम्पर्क नम्बर | इमेल ठेगाना |
|---|---|---|---|---|---|
| १ | डा. सन्जीव कुमार राई | प्रदेश सचिव | मंत्रालय | 9852070224 | sanjeevkrai4@gmail.com |
| २ | टोप बहादुर श्रेष्ठ | प्रवक्ता | भू तथा जलाधार शाखा | फोन नं: ०२१-४६१०४५ | |
| ३ | राज किशोर मण्डल | सहायक भू-संरक्षण अधिकृत (आठौं) | भू तथा जलाधार शाखा | 9842635267 | rkm2022@gmail.com |
| ४ | पेम्बा शेर्पा | लेखा अधिकृत | आर्थिक प्रशासन शाखा | ९८५२६८४९४० | |
| ५ | रमेश नेपाल | कानून अधिकृत | कानून तथा फैसला कार्यान्वयन शाखा | 9842394142 | nepal8880@gmail.com |
| ६ | सोमेश्वर कुमार दास | सहायक वन अधिकृत (सातौं) | योजना शाखा / वन व्यवस्थापन तथा उद्यम शाखा | | |
| ७ | राजेश तामाङ्ग | सहायक वनस्पती अधिकृत | जैविक विविधता शाखा | 9842205559 | rajes_tmg@yahoo.com |
| ८ | सन्तोष मोक्तान | सूचना अधिकारी | विज्ञान तथा सूचना प्रविधि शाखा | -9852035247 | santosh.moktan@nepal.gov.np |
| ९ | विनोद खतिवडा | सहायक वन अधिकृत (सातौं) | विज्ञान, वातावरण तथा जलवायू परिवर्तन महाशाखा | | |
| १० | सम्पुर्ण थापा | शाखा अधिकृत | मा. मन्त्रीज्यूको निजी सचिवालय | | |
| ११ | कपिलदेव अधिकारी | अधिकृतस्तर छैटौं | जलवायू परिवर्तन तथा जलवायू वित्त शाखा / वातावरण शाखा | 9852083606 | kapildevadk@gmail.com |
| १२ | गीता घिमिरे | अधिकृतस्तर छैटौं | विज्ञान तथा सूचना प्रविधि शाखा | | geetaghimire2013@gmail.com |
| १३ | सिता राई | सहायकस्तर पाचौ | भू तथा जलाधार शाखा | 9862308370 | sitarai065@gmail.com |
| १४ | सुबास बराल | नायब सुब्बा | सचिव ज्यूको निजी सचिवालय | 9852835603 | |

| | | | | | |
|---|---|---|---|---|---|
| १५ | अमेश सिहं | सह-लेखापाल | आर्थिक प्रशासन शाखा | 9862645076 | |
| १६ | जानुका बास्तोला | सहायकस्तर पाचौ | औधोगिक प्रवद्वन शाखा | 9844326299 | bastolajanuka8@gmail.com |
| १७ | जयराम राजबंशी | कार्यालय सहयाेगी (करार) | प्रशासन शाखा | 9804385564 | |
| १८ | सजन कामत | हलुका सवारी चालक (करार) | प्रशासन शाखा | 9842098756 | |
| १९ | श्रवण राय | हलुका सवारी चालक (करार) | प्रशासन शाखा | 9862207905 | |
| २० | रुपेश अधिकारी | कार्यालय सहयाेगी (करार) | प्रशासन, योजना तथा अनुगमन महाशाखा | 9817383203 | |

**३. माननीय मन्त्री, कार्यालय प्रमुख, प्रवक्ता, सूचना अधिकारी, गुनासो सुन्ने अधिकारी, मानव अधिकार सम्बन्धी हेर्ने अधिकृत (फोकल पर्सन) को नाम, पद र सम्पर्क नं:**

| माननीय मन्त्री | कार्यालय प्रमुख |
|---|---|
| <br>**नाम**: शेखर चन्द्र थापा<br>**सम्पर्क नं.** ९८५११०७१२३<br>**पद**: **विभागीय मन्त्री** | <br>**नाम**: सन्जीव कुमार राई<br>**सम्पर्क नं.** ९८५१२७९९४४<br>**पद**: सचिव |

| प्रवक्ता | सूचना अधिकारी | गुनासो सुन्ने अधिकारी |
|---|---|---|
| <br>**नामः टोप बहादुर श्रेष्ठ**<br>**फोन नं:** ०२१-४६१०४५<br>**इमेल:**<br>shresthatop25@gmail.com<br>**मो.नं:** 9841644473 | <br>**नामः सन्तोष मोक्तान**<br>**फोन नं:** ०२१- ४६०२२४<br>**इमेलः**<br>santoshmoktantamang@gmail.com<br>**मो नम्बर: 9852036224** | <br>**नामः राकेश निरौला**<br>**फोन नं:** ०२१- ४६०२२४<br>**इमेल:**<br>rakeshniraula2@gmail.com<br>**मो.नं:**9842047208 |

**४. यस मन्त्रालय सम्बन्धि कानूनहरुः**

**संघीय ऐन तथा नियमहरु**

| **संघीय ऐनहरु** | **संघीय नियामवलीहरुः** |
| --- | --- |
| अभिलेख संरक्षण ऐन, २०४६ | अभिलेख संरक्षण नियमावली, २०६३ |
| आर्थिक कार्यविधि ऐन, २०५५ | आर्थिक कार्यविधि नियमावली, २०६४ |
| उपभोक्ता संरक्षण ऐन, २०७५ | उपभोक्ता संरक्षण नियमावली, २०५६ |
| औद्योगिक व्यवसाय ऐन, २०७३ | ओजन तहलाई नष्ट गर्ने पदार्थको उपभोग (नियन्त्रण) नियमावली, २०५७ |
| कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ | करार सेवा नियमहरु, २०२६ |
| केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक | केही सार्वजनिक लिखत प्रमाणीकरण नियमावली, २०६३ |
| जलचर संरक्षण ऐन, २०१७ | क्यासिनो नियमावली, २०७० |
| जलस्रोत ऐन, २०४९ | खनिज सर्वेक्षण (भत्ता तथा सुविधा) नियमहरु, २०२४ |
| निजामती सेवा ऐन, २०४९ | खानी तथा खनिज पदार्थ नियमावली, २०५६ |
| नेपाल कानुन व्याख्या सम्बन्धी ऐन, २०१० | जलचर (ठेक) नियम, २०१९ |
| नेपाल गुणस्तर प्रमाण चिन्ह ऐन, २०३७ | जलयात्रा नियमावली, २०६३ |
| नेपाल सन्धी ऐन, २०४७ | जलस्रोत नियमावली, २०५० |
| नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ | निजामती सेवा नियमावली, २०५० |
| नेपालको संविधान | नेपाल गुणस्तर (प्रमाण चिन्ह) नियमावली, २०४० |
| पेटेण्ट,डिजायन तथा ट्रेडमार्क ऐन, २०२२ | नेपाल वन सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ती) नियमहरु, २०५१ |
| प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ | नेपाल सरकार(कार्य विभाजन) नियमावली, २०७४ |
| फोहोरमैला ब्यवस्थापन ऐन, २०६८ | प्रतिलिपी अधिकार नियमावली, २०३१ |
| | प्रतिष्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण नियमावली, २०६६ |

| | |
|---|---|
| फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४<br>मुलुकी अपराध (संहिता) ऐन, २०७४<br>मुलुकी देवानी (संहिता) ऐन, २०७४<br>मुलुकी देवानी कार्यविधि (संहिता) ऐन, २०७४<br>राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९<br>राष्ट्रिय प्रकृति संरक्षण कोष ऐन, २०३९<br>लगानी बोर्ड ऐन, २०६८<br>वन ऐन २०४९<br>वातावरण संरक्षण ऐन, २०५३<br>विशेष आर्थिक क्षेत्र ऐन, २०७३<br>सार्वजनिक खरिद ऐन, २०६३<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४<br>सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय ब्यापारलाई नियमन ऐन, २०७३<br>कम्पनि ऐन २०६३ संशोधित २०७४<br>कम्पनि ऐन २०६३<br>प्राइभेट फम रजिष्ट्रेषन ऐन २०१४<br>वातावरण संरक्षण ऐन २०५३ | प्राइभेट फर्म रजिष्ट्रेशन नियमावली, २०३४<br>प्राचित स्मारक संरक्षण नियमावली, २०४६<br>फोहोरमैला ब्यवस्थापन नियमावली, २०७०<br>फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) सम्वन्धी नियमावली, २०७५<br>बिउ बिजन नियमावली, २०६९<br>बिरुवा संरक्षण नियमावली, २०६६<br>भू तथा जलाधार संरक्षण नियमावली, २०४२<br>भ्रमण खर्च नियमावली, २०६४<br>मदिरा नियन्त्रण (सेवा दस्तुर) कोष नियमावली, २०५४<br>मदिरा नियमहरु, २०३३<br>मध्यवर्ति क्षेत्र व्यवस्थापन नियमावली, २०५२<br>मुलुकी देवानी कार्यविधि नियमावली, २०७५<br>मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५<br>राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली, २०३०<br>राष्ट्रिय प्रकृति संरक्षण कोष नियमावली, २०४१<br>लगानी वोर्ड नियमावली, २०६९<br>वन नियमावली, २०५१<br>वन्यजन्तु आरक्ष नियमावली, २०३४<br>वातावरण संरक्षण नियमावली, २०५४<br>विशेष आर्थिक क्षेत्र नियमावली, २०७४<br>संरक्षण क्षेत्र ब्यवस्थापन नियमावली, २०५३<br>संरक्षण क्षेत्र सरकारी ब्यवस्थापन नियमावली, २०५७<br>संस्था दर्ता नियमावली, २०३४ |

| | |
|---|---|
| | सार्वजनिक खरिद नियमावली, २०६४<br><br>सिंचाई नियमावली, २०५६<br><br>स्थानीय स्वायत्त शासन नियमावली, २०५६<br><br>हवाई सुरक्षा (व्यवस्था) नियमावली, २०४६<br><br>हिमाली राष्ट्रिय निकुञ्ज नियमावली, २०३६<br><br>गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम २०७०<br><br>वातावरण संरक्षण नियमावली २०५४ |

**प्रादेशिक ऐन तथा नियमहरुः**

| **प्रादेशिक ऐनहरुः** | **प्रादेशिक नियामवलीः** |
|---|---|
| प्रदेश १ प्रदेश बाताबरण संरक्षण ऐन २०७६.pdf<br>आर्थिक ऐन, २०७५.pdf<br>प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४.pdf<br>प्रदेश वित्त ब्यवस्थापन ऐन, २०७५.pdf<br>प्रदेशका सार्वजनिक लिखत प्रमाणीकरण कार्यविधिको सम्वन्धमा ब्यवस्था गर्न वनेको ऐन, २०७५.pdf<br>प्रशासकीय कार्यविधि (नियमति गर्ने) ऐन, २०७५.pdf<br>मूख्य न्यायाधिवक्ताको काम, कर्तब्य र अधिकार तथा सेवा ऐन, २०७५.pdf<br>पर्यटन विकास ऐन २०७६.pdf<br>प्रदेश औद्योगिक व्यवसाय ऐन २०७७.pdf<br>प्रदेश नं. १ निजी तथा साझेदारी फर्म दर्ता ऐन २०७७.pdf<br>प्रदेश वन ऐन, २०७७.pdf | प्रदेश आर्थिक कार्यविधि नियमावली ,२०७५.pdf<br>प्रदेश मन्त्रालयको कार्य बिवरण.pdf<br>सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका,२०७५.pdf<br>योजना तथा कार्यक्रम संचालन कार्यविधि, २०७७_0.pdf<br>होमस्टे संचालन तथा व्यवस्थापन कार्यविधि, २०७७_0.pdf<br>प्रदेश उद्योग, वाणिज्य, आपूर्ति कार्यक्रम सञ्चालन तथा कार्यान्वयन मार्गदर्शन, २०७७_0.pdf<br>प्रदेश नं. १ प्रदेश वातावरण संरक्षण नियमावली २०७७.pdf<br>प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४.pdf |

**५. यस मन्त्रालयको आधिकारिक वेभसाइट र इमेलः**

यस मन्त्रालयको आधिकारिक वेभसाइट **moitfe.p1.go.np** र इमेल **moitfepradesh1@gmail.com / info.moitfe@p1.gov.np** रहेको छ।

**६. सम्पर्क विवरणः**

**वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय**

**प्रदेश नं. १, विराटनगर।**

**फोन नं.** ०२१- ४६०२२४, ४६१०४५ ,४६३११९

**फ्याक्स नं.** : ०२१- ४६०४४६

**इमेलः** moitfepradesh1@gmail.com

**वेभसाइटः** moitfe.p1.gov.np